# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## ऐसेलुखर्क गाउँपालिका, खोटाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७८/७९

च.नं. ११४

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
ऐसेलुखर्क गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन । समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

पत्र संख्याः ०७८।७९ | **प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय** | मितिः २०७८।०५।०४

च.नः ९३

**श्री अध्यक्षज्यू,**
**ऐसेलुखर्क गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**खोटाङ।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय,**

हामीले **ऐसेलुखर्क गाउँपालिका, खोटाङको** आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको वित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ (सत्र) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. ३ करोड ५७ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड १९ लाख ६७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३० लाख ६० हजार, नियमित गर्नुपर्ने रु. ७६ लाख ६३ हजार, पेश्की बाँकी रु.१ करोड ३० लाख ५२ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत ऐसेलुखर्क गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउँन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# ऐसेलुखर्क गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । ऐसेलुखर्क गाउँपालिकाको केन्द्र वडा नं. ३ को ऐसेलुखर्क वजारमा रहेको छ । ऐसेलुखर्क गाउँपालिकाको सिमाना पुर्वमा केपिलास गढि गाउँपालिका, पश्चिममा ओखलढुङ्गा जिल्ला सिमाना हुदै वहने दुधकोशी नदि, उत्तरमा सोलुखुम्वु जिल्ला, दक्षिणमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका रहेको छ ।ऐसेलुखर्क गाउँपालिकाको क्षेत्रफल १२५.९३ वर्ग कि.मि. रहेको छ । ७ वटा वडा र ३९ जना गाउँसभा सदस्य रहेको यो गाउँपालिका प्रदेश नं.१ मा पर्दछ ।

**स्थानिय सञ्चितकोषः-** आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान **(NPSAS)** बमोजिमका फारामहरु सहितको प्रासि र भूक्तानीको एकिकृत वर्षिक प्रतिवेन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्रास हुन सकेन। पालिकाको यस वर्षको **एकिकृत आर्थिक विवरण** निम्नानुसार रहेको छ।

**गाउँ कार्यपालिकाको कार्यालय**

ऐसेलुखर्क खोटाङ

**एकिकृत आर्थिक विवरण २०७६/०७७**

| क्र स | आयतर्फ | | | क.स | व्याय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १४१४२३८३.६९ | १ | **पूजिगत तर्फका खर्च** | | ८८६७८६४३.३४ |
| | क) नगद | - | | | गा.पा.पूजिगत कार्यक्रम | ६६७११४०२.१९ | |
| | ख) बैंक | १४१४२३८३.६९ | | | प्रदेश सरकार सवारी साधन कर | १६०७००० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | ४४११७४९५.६९ | | संघीय सरकार हस्तान्तरित कार्यक्रम | ९६२६३५३.४२ | |
| | क) आन्तरिक राजस्व | २२४९९४४.२४ | | | प्रदेश सरकार ५०२ पूजिगत | ३८७३३०७ | |
| | ख) राजस्व बाँडफाँड | ४०७०७९६६.९५ | | | कृषी कार्यक्रम | १५९७५२४ | |
| | ग) अन्य आय | ११५९५८४.५० | | | स्वास्थ्य | १७५९८९३ | |
| ३ | **संघीय सरकार बाट प्रास अनुदान** | | २३६७४५०००.०० | | प्रदेश सरकार १०२ | १२९३१३४.५ | |
| | क) वित्तीय समानीकरण अनुदान मध्येबाट ३०,००,०००/- प्रकोप व्यवस्थापन कोषमा दाखिला गरिएको | ७५८०००००.०० | | | शिक्षा | २२१००२९.२३ | |
| | ख) सशर्त अनुदान | १६०९४५०००.०० | | २ | **चालु तर्फका खर्च** | | १८६४३०१२९.४ |
| | ग) समपुरक अनुदान | - | | | गाउँपालिका चालु | ४७४४२५१०.५७ | |
| | घ) विशेस अनुदान | - | | | प्रदेश सरकार चालु | २३२०००० | |
| ४ | **प्रदेश सरकार बाट प्रास अनुदान** | | २८५२०४२२.०४ | | सघीय सरकार चालु | १३६६६७६१८.८ | |
| | क) वित्तिय समानिकरण अनुदान | ६९९४०००.०० | | ३ | **कोष खर्चका विवरण** | | २७७००६६.१० |
| | ख) सशर्त अनुदान | | | | विपत व्यवस्थापन कोष बाट भएको | २४८१६८५.३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ७८३२०००.०० | | | खर्च विवरण | | |
| | ग) सवारी साधन कर | १६९४४२२.०४ | | | विविध कोष बाट भएको खर्च | २८८३८०.८ | |
| | घ) समपुरक कोष | १००००००००.०० | | **५** | **अन्तर सरकारी अख्तियारीबाट भएको खर्च** | | ५५२१७७९१.०० |
| | ङ) विशेस अनुदान | २००००००.०० | | | पर्यटन पूंर्वाधार कार्यक्रम | २५०००००.०० | |
| **५** | **विविध कोष आय (विद्युत प्राधिकरण)** | १०१९४४३.८५ | **१०१९४४३.८५** | | सामाजिक सुरक्षा कार्यक्रम | ४७५६१०००.०० | |
| **६** | **वितिय व्यावस्था प्राप्ती** | | - | | बह् क्षेत्रीय कार्यक्रम | ५१३९००.०० | |
| | क) ऋण प्राप्ती | | | | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३४५६०००.०० | |
| | ख) सावाँ प्राप्ती | | | | पञ्जिकरण कार्यक्रम चालु | १०१०६८०.०० | |
| | ग) ब्याज प्राप्ती | | | | पञ्जिकरण कार्यक्रम पूजिगत खर्च | १७६२११.०० | |
| | घ) अन्य प्राप्ती | | | ६ | **फिर्ता** | | |
| ७ | **स्वीट्जरल्याण्ड- एस.डी.सी साना सिचाई सोझौ भुक्तानी अनुदान** | १०६७८९६९.०० | **१०६७८९६९.००** | | संघिय सरकार सशर्त अनुदान फिर्ता | | २२१०६१०७.८९ |
| ८ | **स्वीट्जरल्याण्ड- एस.डी.सी कृषी सेवा सोझौ भुक्तानी अनुदान** | ४०६५७९२.०० | **४०६५७९२.००** | | प्रदेश सरकार सशर्त अनुदान फिर्ता | | २०००० |
| ९ | **अन्तर सरकारी अख्तियारी तर्फ** | | **५५२१७७९१.००** | ७ | **बैंङ्क मौज्दात** | | **३९४२९८५९.५४** |
| | पर्यटन पूंर्वाधार कार्यक्रम | २५०००००.०० | | | सचित कोष | २०७०६०७७.६८ | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ४७५६१०००.०० | | | धरौटी खाता | १४५३०० | |
| | बह् क्षेत्रीय कार्यक्रम | ५१३९००.०० | | | S D C साना सिचाई | ७३०९६८०.८६ | |
| | स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ३४५६०००.०० | | | प्रदेश सरकार समपुरक अनुदान | ७६५०१०८ | |
| | पञ्जिकरण कार्यक्रम | ११८६८९१.०० | | | प्रदेश सरकार सशर्त अनुदान | ३६१८६९३ | |
| १० | **धरौटि आय** | - | **१४५३००.००** | | | | |
| | **जम्मा** | | **३९४६५२५९७.२७** | | | | **३९४६५२५९७.२७** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फ छ्यौट |
|---|---|---|---|
| | **लेखापरीक्षणमा औल्याए पश्चात रु. १ लाख ३२ हजार र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. ६५ हजार समेत रु. १ लाख ९७ हजार असुली भएको छ।** | | |
| १. | **<u>वित्तीय विवरण</u>** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | |
| २. | **<u>कारोवारको लेखाः</u>** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | | |
| ३. | **<u>आन्तरिक नियन्त्रण प्रणालीः</u>** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नभएको र जिन्सी निरीक्षण प्रतिवेदन नदेखिएकोले जिन्सी हिनामिना दुरुप्रयोग हुनु सक्ने ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फ छ्यौट |
|---|---|---|---|
| | गरेको पाईएन ।<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन तयार नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पुष्पकला भुजेलले मिति २०७६।३।२० गते रु.४३ करोड ८ लाख १ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।२७ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ५. | **वैक हिसाब विवरण:** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ ।गाउँकार्यपालिकाको वैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको वैक मौज्दात रु.४,७१,८६,६६१।३३ देखिन्छ। गाउँपालिकाले स्रेस्तामा देखाएको मौज्दात रु.३,९२,८४,५५९।५४ देखिन्छ । स्रेस्ता भन्दा बैंक मौज्दात रु.७९,०२,१०१।७९ ले बढी देखिन्छ । गाउँपालिकाले बैंक हिसाब विवरण तयार गरेको पाइएन । अतः बैंक बढी मौज्दात रु. ७९,०२,१०१।७९ सम्बन्धमा बैंक हिसाब विवरण तयार गरी यकिन हुनु पर्ने देखिन्छ। | | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध | | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>गराएको विवरण अनुसार चौमासिक पूँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । तेस्रो चौमासिकमा ६१% तथा आषाढ मसान्तमा २८% खर्च भएको देखिन्छ ।तेस्रो चौमासिक तथा आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>९१९४६६५२</td><td>२२७६७२५</td><td>३३९८२५४०</td><td>५५६८७३८७</td><td>२५५३८३९७</td></tr>
<tr><td>३</td><td>खर्च प्रतिशत</td><td></td><td>२.४७%</td><td>३६.९५%</td><td>६०.५६%</td><td>२७.७७%</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>७.</td><td><u>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</u> - कार्यालयबाट माग गरेको विवरण प्राप्त नभएकोले मुल्यांकन गर्न सकिएन ।</td><td></td><td></td></tr>
<tr><td>८.</td><td><u>कानून र सञ्चालन स्थिति</u> - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ऐन, ५ वटा, नियमावली ८ वटा कार्यविधि ११ लगायत २४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।</td><td></td><td></td></tr>
<tr><td>९.</td><td><u>न्यायीक समिति</u> - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँन बाकी २६ र यो बर्ष थप भएको ३९ गरी कुल ६५ विवाद दर्ता भएकोमा २० वटा मात्र फछ्र्यौट भई ४५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँनुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td></td><td>वित्तिय समानिकरण चालु-</td><td></td><td></td></tr>
<tr><td>१०.</td><td><u>स्वकीय सचिव र सल्लाहकार</u> -स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव, सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकाको कानूनी सल्लाहकारका रुपमा १५,०००। तलब भत्ता भुक्तानी हुने गरी श्री कृष्ण बहादुरा राईलाई नियुक्त गरी मासिक रु.१५,०००। का दरले वार्षिक रु.१,९५,०००। भुक्तानी भएको छ ।</td><td></td><td></td></tr>
<tr><td>११.</td><td><u>एउटा मात्र सुविधा पाउने</u> -स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । तर गाउँपालिकाले निवृतिभरण पाईरहेका अध्यक्ष विश्वराम निरौला तथा वडा नं. ३ का वडा अध्यक्ष राजेश कुमार भण्डारीलाई सेवा सुविधा वापत रु.६,००,०००। खर्च लेखेको छ । पदाधिकारीहरुबाट यस प्रकारको दोहोरो सुविधा लिए नलिएको स्वघोषणा समेत संलग्न गरेको पाईएन अतः स्वघोषणा हुने गरी ऐनको पालना गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>१२.</td><td><u>प्रदेश समपुरक अनुदान</u> - प्रदेश र स्थानीय तहको ७०।३० प्रतिशत लागत साझेदारी रहने गरी यस स्थानीय तहले ठेक्का बन्दोबस्त गरेको प्रशासकीय भवन निर्माण कार्यको भएकोमा ठेक्का बन्दोबस्त गर्दा सम्झौता भएकोले सोको ७० प्रतिशतले हुने रकम रु.१०,००,०००।मात्र प्रदेश सरकारको समपुरक अनुदानबाट खर्च गर्न</td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फ छ्यौट |
|---|---|---|---|
| | मिल्ने देखिन्छ ।तसर्थ प्रदेश सरकारबाट प्राप्त रु.१,००,००,०००।मा खर्च रकम रु.२३,४९,८९२। घटाउँदा बाँकी हुन आउने रकम रु.७६,५०,१०८। प्रदेश संचित कोष दाखिला गर्नुपर्ने रु. | ७६५०१०८ | |
| १३. | **सःशर्त अनुदान** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ ।यस स्थानीय तहलाई विभिन्न शिर्षकमा रु.७८,३२,०००।प्राप्त भएकोमा रु.४१,९३,३०७।खर्च भई रु.३६,१८,६९३। बाँकी रहेकोमा लेखापरीक्षण अधिसम्म पनि फिर्ता गरेको देखिदैन । खर्च नभई बाँकी रहेको अनुदान रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रु. | ३६१८६९३ | |
| १४. | **धरौटीः-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी कारोवारको श्रेस्ता अद्यावधिक गरी राख्नु पर्नेछ । लेखापरीक्षणको क्रममा कार्यालयले व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी नराखेको तथा धरौटी बाँकीको नामनामेसी सहितको विवरण बनाएको पाइएन । कार्यालयले धरौटी लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी नामनामेसी सहित अभिलेख अध्धावद्यिक गर्नुपर्दछ। | | |
| १५. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| १६. | **लागत सहभागिता** – पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय आयोजनाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | | |
| १७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५६ जनालाई रोजगारी उपलव्ध गराई रु.१७,८२,३२३।खर्च गरेको छ । लक्षित वर्गलाई २६८२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रममा खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | |
| १८. | **बिल भरपाई नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । निम्न बमोजिमको कार्य सम्पन्न तथा अनुगमन प्रतिवेदन वेगर खर्च लेखेकोले सोको प्रमाण पेश गर्नु पर्ने रु. | २८५००० | |

| भौ.नं./मिति | कार्य विवरण | व्यक्ति/फर्म/कम्पनी | रकम |
|---|---|---|---|
| ३/०७६/०६/१२ | ज्यामिरे सल्ले सडक मर्मत | दखमलु देउराली इन्भेष्टमेन्ट प्रा.लि. | ६०००० |
| ४/०७६/०६/१३ | जैमाने खोला ओखरवोटे पातेल सिंचाई मर्मत | सुमन खत्रि | ४०००० |
| ५/०७६/०७/२५ | ऐसेलुखर्क देखि जाल्पासम्मको बाटो मर्मत | गणेश राई | १८५००० |
| जम्मा | | | २८५००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | | | |
| १९. | **अग्रीम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु. **१८,३३६**।अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | १८३३६ | |

| गौ.भौ.नं./मिति | व्यक्ति/फर्म/कम्पनी | अग्रिम आय कर |
|---|---|---|
| २३७/०७७/३/२२ (पुँजीगत) | सिखाडाँडा खर्ता खानेपानी उपभोक्ता समिति | ८९० |
| २३८/०७७/३/२२ (पुँजीगत) | ज्यामिरे स्वास्थ्य चौकी निर्माण उपभोक्त समिति | १६९० |
| ३४/०७७/३/२५ (कृषि) | ऐसेलुखर्क बंगुर फर्म(अग्रीम आयकर कम दाखिला भएको) | ५०० |
| २५९/०७७/३/२५ | खानेपानी योजना मर्मत उपभोक्ता समिति | ७२० |
| ५५/०७६/७/५ (चालु) | विभिन्न फर्मबाट कार्यालय सम्बन्धी सामानहर खरिद | ७९२६ |
| ९४/०७६/९/१४ (चालु) | होटलमुनलाईट | १२४ |
| २६३/०७७/३/१४ (चालु) | पेश्की फछ्यौट तारा खतिवडा | २४५ |
| ८१/०७७/१/१७ (शसर्त चालु) | दादुरा खोप रुबेला पेश्की फछ्यौट रामकाजी नेपाल | १७७ |
| १२९/०७७/३/५ (शसर्त चालु) | भकारो सुधार कार्यक्रम (अग्रीम आयकर कम कट्टा) | १९८ |
| ९९/०७६/९/१७ | पेश्की फछ्यौट सोम प्रसाद घिमिरे (अग्रीम आयकर कम कट्टा) | ४०० |
| १४०/(चालु) | पदम बहादुर राई पेश्की फछ्यौट | ३१६० |
| ३११/०७७/३/३०(चालु) | तारा खतिवडा पेश्की फछ्यौट | ६०३ |
| ३११/०७७/३/३० (चालु) | वडा नं.४ मनोज आचार्य पेश्की फछ्यौट | ३४८ |
| ५/०७६/१०/२९ | आचार्य फोटोकपी दिक्तेल मेसिनरी औजार खरिद | १३५५ |
| **जम्मा** | | **१८३३६** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| २०. | **पारिश्रमिक कर**:- आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम सहभागी/प्रशिक्षक भत्तामा १५% अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । निम्न बमोजिमको भुक्तानीमा कर कट्टी नभएकोले उक्त रकम असुल हुनु पर्ने रु. | ४२११६ | |

| भौ.नं./मिति | कार्यक्रम | नाम थर | रकम |
|---|---|---|---|
| १३७/०७६/१२/१० | बहाने महोत्सब | संयोजनक गृह बहादुर राई पेश्की फछ्यौट | ३३९०० |
| २५४/०७७/३/२५ | थुलुङ भाषा संरक्षण | अध्यक्ष डिल्लीराम राई | ५६०० |
| २/०७६/६/१२(स्वास्थ्य) | समिक्षा गोष्ठी कार्यक्रम | ओम जंग शाही | २०८४ |
| ३,७/०७६/११/१२ (आलेप बेरुजु) | सामाजिक परिचालक पारिश्रमिक भुक्तानीमा कर कट्टा कम भएको । | भुपेश राई | ५३२ |
| **जम्मा** | | | **४२११६** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| २१. | **बिल भरपाई नभएको** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। तपसिल बमोजिमको कार्यमा बिल भरपाई बेगर खर्च लेखेकोले सोको प्रमाण पेश गर्नु पर्ने रु. | १४९०३६ | |

| भौ.नं./मिति | व्यक्ति/संस्था | विवरण | रकम |
|---|---|---|---|
| २०९/०७७/३/७ | पारा कादरी खानेपानी उपभोक्ता समिति | खानेपानी मर्मत | १७०४ |
| २७९/०७७/३/२३ | बुद्धि प्रसाद घिमिरे | पुस्तक सामाग्री छपाई | १७०० |
| २८३/०७७/३/२५ | नुम्बुर नेटवर्क प्रा.लि. | संम्झौता नभएको | १७८७६ |
| ३०१/०७७/३/२९ | नुम्बुर नेटवर्क प्रा.लि. | संम्झौता नभएको | ७९१६७ |
| १०८/०७७/२/२० | रेडियो पत्र पत्रिका | सक्कल बिल भरपाई नपुगेको | ५००० |
| ११६/०७७/३/१ | भकारो सुधार कार्यक्रम केशव प्रसाद निरौला | सक्कल बिल भरपाई नपुगेको | ७५६५ |
| १३७/०७७/३/१५ | भकारो सुधार कार्यक्रम अमर बहादुर भुजेल | सक्कल बिल भरपाई नपुगेको | ४५२४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १५०/०७७/३/१९ | बिरुवा वितरण | नागेन्द्र झाले रु.४४८५००। को किवि विरुवा खरिद गर्दा रु.३१५००। बराबरको बिरुवा वितरण गरेको प्रमाण पेश नभएको | ३१५०० |
| जम्मा | | | १४९०३६ |

**गाउँपालिका पुँजिगतः**

२२. **<u>पालिका भवन निर्माणः-</u>** ठेक्का नं.३/०७६।७७ मा गाउँपालिका भवन निर्माण कार्यको लागि कार्यालयले तयार गरेको लागत अनुमान रु.३,५७,२१,४५९।(मु.अ.कर समेत) मध्ये घटी कबोल गर्ने रुजन।जगदम्बा।भुवनेश्वरी एण्ड वैभव जेभी सँग २०७७ माघ मसान्त भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी रु.२,६८,४३,३४६।(मु.अ.कर समेत) को ठेक्का २०७७।०२।१३ मा सम्झौता भएको छ । यसमा देखिएका व्यहोरा निम्नानुसार छन् -

**(क)** भवन निर्माणको लागि लागत अनुमान तयार गर्दा भवन निर्माणको रु.३,५७,२१,४९५। र जग खन्ने र सम्याउने कार्यको लागि रु.२८,२३,०८३।को २ वटा छुट्टाछुट्टै लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई रु.२५,००,०००। भुक्तानी खर्च लेखेको देखिन्छ । एउटै निर्माण कार्यको २ वटा लागत अनुमान तयार गरी सम्झौता गर्नु नियमानुसार देखिदैन । प्रतिस्पर्धा अनुसार निर्माण व्यवसायीले २४.८५ प्रतिशत घटी कबोल गरिएकोमा उक्त निर्माण कार्यको समेत रु.७,०१,५३६। छुट हुन गै रु.२१,२१,५४६। मात्र भुक्तानी खर्च लेखे हुनेमा रु.२५,००,०००। भुक्तानी खर्च लेखी बढी व्ययभार पारेको रकम रु.३,७८,४५४। नियमित नदेखिएको रु. — बेरुजू रकम: ३७८४५४

२३. **<u>सामाजिक सुरक्षा करः</u>** आयकर ऐन, २०७७ अनुसार जुनसुकै पारिश्रमिक आयमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गर्नेपर्ने उल्लेख छ । कार्यालयले विभिन्न आयोजनामा कार्य संचालन गरेकोमा पारिश्रमिक भुक्तानी वापत भुक्तानी खर्च लेखेकोमा नियमानुसार सामाजिक सुरक्षा कर १ प्रतिशत कट्टा रु. ४४,१११। नभएकोले असुल हुनपर्ने रु. — बेरुजू रकम: ४४१११

| भौ.नं./मिति | विवरण | रकम | सामाजिक सुरक्षा कर |
|---|---|---|---|
| २३३/०७७/०३/२५ | सामुदायिक भवन निर्माण प्रयास नेपाल | ३१७५८० | ३१७५ |
| ८७/०७६/१०/२१ | नेपाल बेदगाउँ सडक उपभोक्ता समिति | १५८४०० | १५८४ |
| ८८/०७६/१०/२१ | प्राथमिक स्वास्थ्य केन्द्र घेरावार | ५४१८० | ५४१ |
| ४६/०७६/१०/०५ | गंगाजमुना देवी व्यवस्थापन | ११४२०० | ११४२ |
| ४९/०७६/१०/०५ | सिस्ने खानेपानी मर्मत | ४९६६० | ४९६ |
| ५४/०७६/१० | सरस्वती प्रा.वि.गौडे सडक | ६८६८० | ६८६ |
| ३०/०७६/०९/१४ | लेवा चइन्टर सडक | १२३००० | १३३० |
| ६८/०७६/१०/१३ | ऐसेलु खर्क महेश्वरी सडक | ४९४२८० | ४९४२ |
| ८४/०७६/१०/२१ | डुम्रे आहान सिलौटीघाट सडक | ११५२०० | ११५२ |
| ८६/०७६/१०/२१ | तल्लो सल्ले दुधकोशी सडक | ८६४०० | ८६४ |
| ७७/०७६/१०/२० | पाल्ले खर्क खानेपानी निर्माण | १६३४०० | १६३४ |
| ८१/०७६/१०/२१ | कालिका आ.वि.भवन | ९१८०० | ९१८ |
| ७/०७६/०७/०५ | बसपार्क निर्माण | १९५८४० | १९५८ |
| २०/०७६/०८/१८ | ऐसेलुखर्क बाङदिल सडक | ५८६१९० | ५८६१ |
| ७४/०७६/१०/२० | लोरुङ्ग माक्पा कृषि सडक | १०४४०० | १०४४ |
| ५६/०७६/१०/०७ | ऐसेलु खर्क भिरपानी सडक | २९३८२१ | २९३८ |
| ५६/०७६/१०/०७ | ऐसेलु खर्क बजार सोलिङ | १३९४०८० | १३९४० |
| जम्मा | | ४४१११११ | ४४१११ |

२४. **<u>बढी भुक्तानीः-</u>** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १(ख) बमोजिम प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको नाँपजाँचको तथा बिल भरपाईको आधारमा भुक्तानी खर्च लेख्न पाउने उल्लेख छ ।तपसिल बमोजिमको कार्यमा बिल भरपाई भन्दा बढी भुक्तानी गरेको असुल हुनु पर्ने रु. — बेरुजू रकम: ३२३८६

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फ छ्यौट |
|---|---|---|---|
| | (तालिका तल) | | |

| भौ.नं./मिति | उपभोक्ता समिति/फर्म/कम्पनी/कार्य | भुक्तानी गर्नु पर्ने रकम | भुक्तानी गरिएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| २३२/०७७/३/१७ | विद्यालय विद्युत जडान उपभोक्ता समिति | १३५७०९ | १४४००० | ८२९० |
| २३७/०७७/३/२२ | सिखा डाँडागाउँ खर्तामा खानेपानी उ.स. | ३८२३०९ | ३८४००० | १६९१ |
| २६०/०७७/३/२५ | बुर्मि खानेपानी योजना मर्मत ट्याङ्की घेराबार उ.स. | ४२४३६ | ४८००० | ५५६३ |
| २८६/०७७/३/२५ | पेश्की फछ्यौट बुद्धि प्रसाद घिमिरे बिल भरपाई नभएको | २५७१५० | २६११५० | ४००० |
| १०४/०७७/२/२० | इम्यानुयल बाखा फर्मलाई भुक्तानी गर्दा बिल भरपाई भन्दा बढी भुक्तानी | ४२४७४ | ५०००० | ७५२६ |
| १७५/०७७/३/२४ | भकारो सुधार कार्यक्रममा कार्यसम्पन्न प्रतिवेदन भन्दा बढि भुक्तानी (आलेप) | १९६८४ | २५००० | ५३१६ |
| जम्मा | | | | ३२३८६ |

२५. **अनुपातिक कट्टिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानिय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यको भुक्तानीमा अनुपातिक कट्टा नभई बढि भुक्तानी भएको रु.१४,२१४। असुल गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु. — बेरुजू रकम: १४२१४

| भौ.नं./मिति | विवरण | लागत अनुमान | कार्यसम्पन्न | भुक्तानी हुनुपर्ने | भएको | बढी |
|---|---|---|---|---|---|---|
| २३२/०७७/०३/१७ | विद्यालय विद्युत जडान | १६९७४४ | १५९९७१ | १४१३५० | १५०००० | ८६५० |
| २६०/०७७/०३/२५ | बुर्मी खानेपानी ट्याङकी | ५६७०२ | ५०१२९ | ४४४३६ | ५०००० | ५५६४ |
| जम्मा | | | | | | १४२१४ |

२६. **परामर्श सेवा सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १३,९३,०७३।खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन। यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । साथै, यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले रु. १३,९३,०७३। खर्चको सार्थकता समेत देखिएन ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| देसारे चित्रे महेश्वरी सडक | रोयल विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि. | ४९७६१८ | ४९७६१८ |
| होप्चे-ऐसेलुखर्क जलेश्वरी सडक | गौरी एण्ड गायत्री कन्ट्रक्सन प्रा.लि. | ४९७४७५ | ४९७४७५ |
| लिदिङ खोला पुल | रोयल कन्ट्रक्सन प्रा.लि. | ३९७९८० | ३९७९८० |
| जम्मा | | १३९३०७३ | १३९३०७३ |

२७. **ट्रस निर्माण कार्यः** ठेक्का नं.२/०७६/७७ हटियाडाँडा ट्रस निर्माण कार्यको लागि रु.४८,२९,७०५। को लागत अनुमान तयार भै २०७७।०३।२५ भित्र कार्य सम्पन्न गरी रु.३५,३८,३८८। कबोल गर्ने रुजन नाछिरिङ जेभी सँग २०७७।१।२१ मा सम्झौता भएको देखिन्छ। संम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० (१) अनुसार निर्माण व्यवसायीले संम्झौताको म्याद सकिन कम्तिमा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनु पर्ने छ र सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीको म्याद थपको निवेदन २०७७।०३।२९ मा दिएको र २०७७।०३।२९ को निर्णयले २०७७।०५।१५ सम्म म्याद थप भएको

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फ छ्यौट</th></tr>
<tr><td></td><td>देखिन्छ । यसरी समयमा म्याद थपको निवेदन नदिने निर्माण व्यवसायीलाई म्याद थप भएको सम्वन्धमा यकिन हुनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>२८.</td><td><u>नन्फाइलर</u> - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर निम्नानुसार भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.नं./मिति</th><th>निर्माण व्यवसायी</th><th>स्थायी लेखा नं.</th><th>कार्य</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>नन फाईलर विवरण</th></tr>
<tr><td>११८/०७६/११/२३</td><td>हाइकिङ सोसाईटी नेपाल</td><td>६०१२४३३०७</td><td>ऐसेलुखर्क जलेश्वरी सडक</td><td>८१२३८९</td><td>१०५६१०</td><td>2076/M/10</td></tr>
<tr><td>१३८/०७६/१२/१०</td><td>धर्मा कन्स्ट्रसन प्रा.लि.</td><td>६०२४४२१४९</td><td>अश्विन पाडेचौर सापरसेवारा</td><td>३८४९५४</td><td>५००४४</td><td>2076/7/30</td></tr>
<tr><td>२०/०७६/०८/१८</td><td>धर्मा कन्स्ट्रक्सन</td><td>६०२४४२१४९</td><td>ऐसेलुखर्क वाङदेलसडक</td><td>८०९७३४</td><td>१०५२६५</td><td>2076/730</td></tr>
<tr><td>५८/०७६/१०/०७</td><td>हाइकिङ नेपाल</td><td>६०१२४३३०७</td><td>माम्खा माझगाउँ सडक</td><td>४७४३३६</td><td>६१६६३</td><td>2076/M/10</td></tr>
<tr><td>८७/०७६/१</td><td>धर्मा कन्ट्रक्सन</td><td>६०२४४२१४९</td><td>नेपाल वेदगाउँ सडक</td><td>७६०१७७</td><td>९८६२३</td><td>2076/7/30</td></tr>
<tr><td>२५६/०७७/०३/२५</td><td>जालिम कन्ट्रक्सन</td><td>६०६७९३७४६</td><td>वलङ देम्लीटार सडक</td><td>६३७२००</td><td>८२८३६</td><td>2075/M/9</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५०४०४१</td><td></td></tr>
</table></td><td>५०४०४१</td><td></td></tr>
<tr><td>२९.</td><td><u>दोहोरो भुक्तानी:</u> ३७/०७६/०६/१३: ३७/०७६/६/१३ विन इन्जिनियरीङ ग्रुपलाई विभिन्न योजनाको माटो परीक्षण गर्न रु.२,४०,०००। मा संम्झौता भै प्रथम किस्ता वापत रु.९५,०००। भुक्तानी खर्च लेखिएको अवस्थामा कुनै काम नभएकोले उक्त रकमको १० प्रतिशत व्याज समेत असुल हुनु पर्ने रु.</td><td>९५००</td><td></td></tr>
<tr><td>३०.</td><td><u>अग्रीम कर:</u> आयकर ऐन २०५८ को दफा ८९ अनुसार भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टा गर्नेपर्ने उल्लेख छ । कार्यालयले वहाने महोत्सवमा प्रयोग गरेको कैलास हेलीकप्टरको बिल रु.१,५०,०००। भुक्तानी खर्च लेखेकोमा र.१५,०००। अग्रिम कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशत रु.२,२५०। मात्र अग्रीम कर कट्टा भएकोले नपुग कर रकम असुल गर्नुपर्ने रु.</td><td>१२७५०</td><td></td></tr>
<tr><td>३१.</td><td><u>नपुग वहाल कर कट्टी</u> :- आयकर ऐन, २०५८ को दफा ८८५(क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा १.५ प्रतिशतले कर कट्टी गर्ने व्यवस्था छ । यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा १.५% प्रतिशत मात्र कर कट्टी गरेको छ । डोजर भाडामा लगाउँने निर्माण व्यवसायी सवारी साधन भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्वन्धित मेसिन उपकरणको स्वामित्व सम्वन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडाको रकम भुक्तानी दिएको पाइएकोले प्रमाण पेश हुन पर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>कामको विवरण (उ.स.)</th><th>मेसिन प्रयोग वापत भुक्तानी</th><th>१० प्रतिशत</th><th>कट्टी भएको १.५%</th><th>बाँकी करकट्टी ८.५%</th></tr>
<tr><td>१५८/०७७/०१/२१</td><td>जग खन्ने सम्माउने कार्य उपभोक्ता समिति</td><td>९१९५१५</td><td>९१९५२</td><td>१३७९३</td><td>७८१५९</td></tr>
<tr><td>८७/०७६/१०/२१</td><td>नेपाने वेदगाउँ सडक निर्माण</td><td>७६०१७७</td><td>७६०१८</td><td>११४०३</td><td>६४६१५</td></tr>
</table></td><td>१७४१५०३</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५४/०७६/१०/०७ | सरस्वती प्रा.लि. सडक | १२८७८५ | १२८७९ | १९३१.८ | १०९४७ |
| ३०/०७६/०९/१४ | लेवा चइन्टर सडक | ५७७००० | ५७७०० | ८६५५ | ४९०४५ |
| ६८/०७६/१०/१३ | ऐसेलुखर्क महेश्वरी सडक | ९७७००० | ९७७०० | १४६५५ | ८३०४५ |
| ८४/०७६/१०/२१ | डुम्रे माहाल सिलौटेघाट सडक | ५११५०४ | ५११५० | ७६७२.६ | ४३४७८ |
| ८६/०७६/१०/२१ | तल्लो सल्ले दुधकोशी सडक | ३८०५३१ | ३८०५३ | ५७०८ | ३२३४५ |
| ७०७६/०७६/०७/०५ | बसपार्क निर्माण | ३६२८२५ | ३६२८३ | ५४४२.४ | ३०८४० |
| २०/०७६/०८/१८ | ऐसेलुखर्क बाङदेल सडक | ८०९७३४ | ८०९७३ | १२१४६ | ६८८२७ |
| ७४/०७६/१०/२० | नोरुङ माम्खा सडक | ४१३९९९ | ४१४०० | ६२१० | ३५१९० |
| ५६/०७६/१०/०७ | ऐसेलुखर्क भिरपानी सडक | १२१८९९८ | १२१९०० | १८२८५ | १०३६१५ |
| १४४/०७७/१/४ | सानो डुम्रे दुधकोशी सडक | ११६३५४१ | ११६३५४ | १७४५३ | ९८९०१ |
| १४५/०७७/१/५ | सेतीदेवी संरक्षण सडक | ९६०००२ | ९६००० | १४४०० | ८१६०० |
| १५१/०७७/१/१५ | ऐसेलुखर्क सिम्ले सडक | ८६३९९९ | ८६४०० | १२९६० | ७३४४० |
| १५३/०७७/१/१५ | देलवाथा डिडा सडक | ४८०००० | ४८००० | ७२०० | ४०८०० |
| १५७/०७७/१/२१ | दिप्सुङ रावा सडक | २४६७३६ | २४६७४ | ३७०१ | २०९७३ |
| १५७/०७७/१/२१ | ऐसेलुखर्क गंगा प्रावि सडक | ७६७९९९ | ७६८०० | ११५२० | ६५२८० |
| १६७/०७७/१/२ | तुल्सिङटार रावा सडक | १८९९९९९ | १९०००० | २८५०० | १६१५०० |
| १७०/०७७/२/१३ | चङखुले ऐसेलुखर्क सडक | ८२३९९९ | ८२४०० | १२३६० | ७००४० |
| १८१/०७७/२/२९ | हर्वो चङखोला सडक | १४३९९९८ | १४४००० | २१६०० | १२२४०० |
| २१३/०७७/३/९ | बगाले पारा सडक | ९५९९९१ | ९५९९९ | १४४०० | ८१५९९ |
| २२१/०७७/३/१४ | बाकाचोक थापागाउँ सडक | ४५५८९४ | ४५५८९ | ६८३८.४ | ३८७५१ |
| २२६/०७७/३/१५ | देउराली डाडा सडक | १४३९९९९ | १४४००० | २१६०० | १२२४०० |
| २५५/०७७/३/२५ | फापरवारी खेलमैदान सडक | २८७९९९ | २८८०० | ४३२० | २४४८० |
| २५६/०७७/३/२ | वलङ्ग देम्लीटार सडक | ७२००३६ | ७२००४ | १०८०१ | ६१२०३ |
| ११८/०७७/११/२३ | ऐसेलुखर्क जलेश्वरी सडक | ९१७९९९ | ९१८०० | १३७७० | ७८०३० |
| **जम्मा** | | | | | १७४१५०३ |

३२. **उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपसिल बमोजिमको भवन , झोलुङ्गे पुल निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| उपभोक्ता समितिको नाम | कार्य | रकम |
|---|---|---|
| माक्पा वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १२६६००० |
| उत्तिसे झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | झोलुङ्गे पुल निर्माण | ५००००० |
| सोखुमोदी झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | झोलुङ्गे पुल निर्माण | ७००००० |
| वाकाचोल वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ७९२००० |
| किँरात सँग्राहालय महश्वरी निर्माण उपभोक्ता समिति | भवन निर्माण | ४८१००० |
| **जम्मा** | | ३७३९००० |

३३. **निर्माण सामाग्री पुरा प्रयोग नभई बाँकी रहेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४)अनुसार खरिद भएको पाइप पुरै जडान नभएको अवस्थामा मौज्दात रहेको पाइपको मुल्य कटाइ बिच्छाइएको पाइपको मात्र मुल्य भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति सँग गरेको निम्नानुसारको संम्झौतामा देहायअनुसारको रु. ६,९९,३४२। फरक परेको सम्वन्धमा यकिन हुनु पर्ने देखिन्छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| भौ.नं./मिति | विवरण | सामानको नाम | खरिद | प्रयोग | बाँकी | रकम |
|---|---|---|---|---|---|---|
| २७२/०७७/०३/३१ | जनजाती संग्रालय भवन | २६ गेज रंगिन जस्ता | ४.४ वण्डल | २.९ वण्डल | १.५ वण्डल | १४४९० |
| २५१/०७७/०३/०२ | कलाधर्म संरक्षण शिवमन्दिर | ३९ एमएम जस्ता | - | - | - | ११००० |
| २०९/०७७/०३/०७ | पाराकादारी खानपानी योजना | ३२ एमएम एचडिसि पाईप | २० मिटर | - | २० मि. | १४०० |
| १७/०७६/०८/१२ | पाल्लेखर्क खानेपानी | ४० एमएम एचडिसि पाईप | २१०० मिटर | ७५२५ | १३४७.५ मि. | ४७०२७५ |
| ७७/०७६/१०/२० | तिनटाटने खानेपानी योजना | २५ एमएम एचडिसि पाईप | ११०० मिटर | १०५० मिटर | ५० मि. | ७५०० |
| १४७/०७७/०१/०८ | सिम्ले मा.वि.पर्खाल | १६ एमएम एचडिसि पाईप | ४०० मिटर | ३५० मि. | ५० मि. | १७४५० |
| १४९/०७७/०१/०८ | काम्देल कर्खे खानेपानी | जाली खरिद | ३६ वटा | ३२ वटा | ४ वटा | १२७८६ |
| १७४/०७७/०२/१४ | छोद्रे चोरखर्क सडक | पाईप खरिद | १८०० मिटर | १६०० मि. | २०० मि. | २४४६५ |
| १९३/०७७/०२/३२ | छोद्रे चोरखर्क सडक | २० एमएम एचडिपि पाईप | ४०० मिटर | २०० मि. | २०० मि. | ७०८० |
| २०१/०७७/०३/०१ | कालीखोला खानेपानी | ११० एमएम एचडिपि पाईप | ३९ मिटर | ३० मि. | ९ मि. | ४५०० |
| २२३/०७७/०३/१५ | ऐसेलुखर्क बजारमा सेलिङ | ३२ एमएम एचडिपि पाईप | ५८० मिटर | ५६० मि. | २० मि. | १३३९ |
| २३६/०७७/०३/२२ | सिवक ४ खानेपानी | विभिन्न एमएम एचडिपि पाईप | ८७ मिटर | - | ८७ मि. | १२०२५ |
| २३७/०७७/०३/२२ | सिखाडाँडा खानेपानी | ३२ एमएम एचडिपिपाईप | २८० मिटर | - | २८० मि. | १९८८० |
| २४६/०७७/०३/२३ | दियाले खोला खानेपानी | तारजाली २० मि. | १४ मि. | - | - | १३५० |
| २४८/०७७/०३/२४ | सम्झना खानेपानी | १६ एमएम एचडिपि पाईप | १५० मि. | - | - | ९१०० |
| ११८/०७६/११/२३ | जलेश्वरी सडक | तारजाली ३-१-१ | ६ वटा | १ वटा | - | ४२४७ |
| | | | | | **जम्मा** | ६१८८८७ |
| | | | | | **मु.अ.कर १३ प्रतिशत** | ८०४५५ |
| | | | | | **कुल जम्मा** | ६९९३४२ |

३४. **<u>भेरियसन स्वीकृति वेगर भुक्तानी:</u>** सार्वजनिक लेखा समिति तथा सडक विभागको सडक निर्माण सम्वन्धमा गरेको निर्णय अनुसार सार्वजनिक निकायले आइटम वाइज भेरियसन वेगर भुक्तानी खर्च लेख्न नहुने उल्लेख छ । उपभोक्ता समिति र कार्यालय बिच संम्झौतामा समेत आइटम वाइज भेरियसन पाउने केही उल्लेख गरेको छैन । उपभोक्ता समितिले जटिल प्रकृतिको काम ५० देखि सत प्रतिशत सम्म नगर्ने र सजिलो काममा तोकिय भन्दा २० देखि १०० प्रतिशतसम्म भेरियसन थप गर्ने गरी सम्झौता बमोजिमको रकम बराबरको कार्य भएको जनाएपनि तोकिएको कार्य पुरा नहुने अवस्था देखिन्छ । यसरी आइटम वाइज भेरियसन वेगर भुक्तानी खर्च लेखेको नियमित नदेखिएको रु.

बेरुजू रकम: ७२८३९२६

| भौ.नं./मिति | उपभोक्ता समिति र कामको विवरण | आइटम वाइज भेरियसन स्वीकृत नभएको |
|---|---|---|
| १५८/०७७/०१/२१ | जगखन्ने सम्माउने भवन निर्माण उपभोक्ता समिति | १६९९५१० |
| ८७/२०७६/१०/२१ | नेपाल वेद गाउँ सडक निर्माण | ११८८३९ |
| ४६/०७६/१०/०५ | गंगा जमुना देवि व्यवस्थापन | १०५६१ |
| ५४/०७६/१०/०७ | सरस्वती प्रा.वि. गौडे सडक | ९५४४३ |
| ३०/०७६/०९/१४ | लेवा चइन्टर सडक | ५६२६१ |
| १७/०७६/०८/१२ | पाल्लेखर्क खानेपानी | १४८८५ |
| ६८/०७६/१०/१३ | ऐसेलुखर्क महेश्वरी सडक | ४०१३७७ |
| ८४/०७६/१०/२१ | डुम्रे आहाल सिलौटीघाट | १५३१२६ |
| ८६/०७६/१०/२१ | तल्लो सतले दुधकोशी सडक | २०४११० |
| ७/०७६/०७/०५ | बसपार्क निर्माण | २८४७८८ |
| २०/०७६/०८/१८ | ऐसेलुखर्क वाङदेल सडक | १२२५६५ |
| ७४/०७६/१०/२० | नोरुङ माक्पा कृषि सडक | ११३४४४ |
| ५६/०७६/१०/०७ | ऐसेलुखर्क भिरपानी सडक | १३०५०० |
| १४२/०७७/०१/०४ | भालुखर्प सडक | ११४०८४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | |
|---|---|---|
| १४४/०७७/०१/०४ | सानोडुम्रे दुधकोशि सडक | ४८२६०४ |
| १५१/०७७/०१/१५ | रुमला सिम्ले सडक | १४०९६७ |
| १५७/०७७/०१/२१ | खेलमैदान निर्माण | ११९७०२ |
| १६७/०७७/०१/०२ | तुल्सिङटार राखा सडक | २९७६०० |
| २१३/०७७/०३/०९ | बगाले पाटा सडक | १३२९६७ |
| २१५/०७७/०३/०९ | सुनमती देवीथान निर्माण | २४६५९७ |
| २२१/०७७/०३/१४ | बाडाचोक चापागाउँ सडक | १८०५०१ |
| २२३/०७७/०३/१५ | ऐसेलुखर्क बजार सोलिङ | ३२८३१९ |
| २२६/०७७/०३/१५ | देउराली डाडा सडक | ६३२२६१ |
| २५६/०७७/०३/२५ | वावियाखर्क देम्लीटार सडक | २५०११७ |
| २६४/०७७/०३/२६ | ऐसेलुखर्क रावा सडक | ४९९५२० |
| ११८/०७६/११२३ | ऐसेलुखर्क जलेश्वरी सडक स्टोनसोलिङ | ४५३२७८ |
| **जम्मा** | | ७२८३९२६ |

३५. **<u>पूंजिगत अनुदान शिर्षकबाट चालु प्रकृतिको खर्चः</u>** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने, कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले महोत्सव, पारिश्रमिक, खाना खाजा भत्ता, पुरस्कार, गाडी भाडा, अनुदान जस्ता पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.८०,६०,३०४। भुक्तानी दिएकोले यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

**सशर्त :-**

३६. **<u>शिक्षकको तलब भत्ता निकासा</u>** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने व्यवस्था छ।देहायका विद्यालयहरुलाई माग गरेको तलव भन्दा बढी निकासा दिएको देखिएकोले असुल गर्नुपर्ने रु. — बेरुजू रकम: ४१९८०७

| सि.नं. | विद्यालयको नाम | विवरण | माग रकम | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| **प्रथम त्रैमासिक निकासाः भौ.नं./मितिः४/२०७६/०६/१०** | | | | | |
| १ | त्रिभुवन माध्यमिक विद्यालय, ऐसेलुखर्क | आभारभूत तर्फ | १०९६८५३ | १२१८४६७ | १२१६१४ |
| २ | कालिका माध्यमिक विद्यालय, बलाचोक | माध्यमिक | ४९०४०२ | ५५९३१७ | ६८९१५ |
| ३ | माक्पा माध्यमिक विद्यालय, माक्पा | माध्यमिक | ७१४३०२ | ७९०००० | ७५६९८ |
| ४ | माक्पा माध्यमिक विद्यालय, माक्पा | माध्यमिक | ९५७९४६ | ९७५९४५ | १७९९९ |
| **दोस्रो त्रैमासिक निकासा : भौ.नं./मितिः१०३/२०७६/०९/१७** | | | ० | ० | ० |
| १ | त्रिभुवन माध्यमिक विद्यालय, ऐसेलुखर्क | माध्यमिक | १०३२८०२ | १०५३९९२ | २११९० |
| २ | माक्पा माध्यमिक विद्यालय, माक्पा | राहत | १०९७२६ | १५२००७ | ४२२८१ |
| **अन्तिम त्रैमासिक निकासा : भौ.नं./मितिः१२६/२०७७/०३/०९** | | | ० | ० | ० |
| १ | जाल्पा माध्यमिक विद्यालय | दरवन्दी | ७०८५४३ | ७१८५०४ | १०००० |
| २ | त्रिभुवन माध्यमिक विद्यालय, ऐसेलुखर्क | दरवन्दी | ११६८१४३ | १२२२०१३ | ५३८७० |
| ३ | त्रिभुवन माध्यमिक विद्यालय, ऐसेलुखर्क | आधारभुत दरवन्दी | १०४९७३९ | १०५७९७९ | ८२४० |
| **जम्मा** | | | ७३२८४५६ | ७७४८२२४ | ४१९८०७ |

३७. **<u>सामाजिक सुरक्षातर्फ बढी निकासा</u>** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्यौट</th></tr>
<tr><td></td><td>सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था  गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नम्वर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, एकै लाभग्राहीलाई २ परिचय पत्रबाट रकम भुक्तानी गरी दोहोरो खर्च लेखेको, मृत्यू भईसकेका लाभग्राहीको लगत कट्टा नगरी रु. २८,०००। बढी खर्च गरेका छन । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकमको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>त्रैमासिक</th><th>नाम, थर</th><th>समुह</th><th>जन्ममिति/नागरिकता नं./परिचय नं.</th><th>वडा नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>द्धितीय तृतीय</td><td>तिलमाया गुरुङ</td><td>विधवा</td><td>२०१६/०१/१६ २८९३</td><td>३</td><td>दोहोरो नाम, नागरिकता नं. तथा जन्ममिति एउटै ।दोस्रो किस्तामा हातले समेत लेखिएको।</td><td>१६०००</td></tr>
<tr><td>द्धितीय</td><td>शेर बहादर पुरी</td><td>जेष्ठ अन्य</td><td>२००३१२२८०२२२८</td><td>२</td><td>पन्जिकरण विभागको अभिलेख सँग नाम नामेसी विवरण रुजु नभएको ।</td><td>१२०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२८०००</td></tr>
</table></td><td>२८०००</td><td></td></tr>
<tr><td>३८.</td><td><u>दैनिक भ्रमण भत्ताः-</u> भ्रमण खर्च नियमावली २०६४ बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले नियमानुसार दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ ।यसमा देखिएका व्यहोरा निम्नानुसार छन् :-</td><td></td><td></td></tr>
<tr><td></td><td>(क) गो.भौ.नं/मिति - ५३/०७६/७/२५: श्याम कुमार राई मिति २०७६।७।१ देखि २०७६।७।४ गते सम्म ऐसेलुखर्क  गाउँपालिकामा निरीक्षण गरेको भनी दैनिक भ्रमण भत्ता भुक्तानी भएको र सोही अवधिमा बैठक भत्ता समेत भुक्तानी भएकोले दोहोरो भत्ता असुल हुनु पर्ने रु.</td><td>३८२५</td><td></td></tr>
<tr><td></td><td>(ख) गो.भौ.नं/मिति - १३७/०७६/१०/१९: सब-इन्जिनियर सन्तोष घिमिरेलाई दैनिक भ्रमण भत्ता वापत भुक्तानी गरिएको रकममा १ दिनको बढी भुक्तानी भएको हुँदा सो असुल हुन पर्ने रु.</td><td>१३२०</td><td></td></tr>
<tr><td></td><td>(ग) दोहोरो भत्ता (गो.भौ.नं/मिति - १०२/०७७/२/१९):- गाउँसभाको मिति २०७६/०३/२७ को निर्णयानुसार स्वास्थ्य शाखामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुले २४ घण्टा सेवा वापतको इमरजेन्सी भत्ता तथा सोही अवधीमा पूर्ण सट्टा तथा सार्वजनिक विदाको दिनको समेत दोहोरो भत्ता निकासा भएकोले दोहोरो भत्ता असुल हुनु पर्ने रु.
<table>
<tr><th>पद</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>मेडिकल अधिकृत</td><td>ज्योती प्रकाश साह</td><td>२१७३७</td></tr>
<tr><td>अहेव</td><td>निर्मला शर्मा</td><td>१७५६२</td></tr>
<tr><td>अहेब</td><td>विमल राजभण्डारी</td><td>१७५६२</td></tr>
<tr><td>ल्याव असिष्टेन्ट</td><td>उमेश आचार्य</td><td>४३९०</td></tr>
<tr><td>कार्यालय सहयोगी</td><td>राम बहादुर सुनुवार</td><td>१०९६२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७२२१३</td></tr>
</table></td><td>७२२१३</td><td></td></tr>
<tr><td></td><td>कोभिड-१९ :-</td><td></td><td></td></tr>
<tr><td>३९.</td><td><u>कोभिड-१९ को आम्दानी खर्च</u> : कार्यालयको कोभिड-१९ को आय तथा खर्चको विवरण निम्नानुसार रहेको छ ।
<table>
<tr><th>स्रोत</th><th>आम्दानी</th><th>खर्च</th><th>बाकी मौज्दात</th></tr>
<tr><td>प्रदेश सरकार</td><td>५०००००</td><td rowspan="6">४४०६९९२</td><td rowspan="6">०</td></tr>
<tr><td>गा.पा.विपदकोष सापटी</td><td>११८०५७१</td></tr>
<tr><td>सामुदायिक लघुवित्त</td><td>७२५०</td></tr>
<tr><td>शिक्षक</td><td>९५५१७१</td></tr>
<tr><td>पदाधिकारी</td><td>२१४०००</td></tr>
<tr><td>कार्यालयबाट</td><td>१५५००००</td></tr>
</table></td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | जम्मा \| ४४०६९९२ \| ४४०६९९२ \| ० | | |
| ४०. | **<u>बिल भरपाई नभएको</u>** - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कोरोना भाइरस राहत वितरण कार्यको लागि डिपो कार्यालय ऐसेलुखर्कबाट ८,४६० के.जी. (२८२ बोरा) चामल खरिद गरी रु.३,८०,७००। खर्च लेखेकोमा खाद्यान्न वितरण गरेको भर्पाइ पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु. | ३८०७०० | |
| ४१. | **<u>गुणस्तर परीक्षण</u>** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | | |
| ४२. | **<u>पेश्की बाँकी</u>** :- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट निम्न बमोजिम पेश्की विवरण प्राप्त भएको तर म्याद नाघेको र ननाघेको छुट्टिन नगएकोले म्याद नाघेको पेश्की फछ्यौट गर्नुपर्ने रु. | १३०५२००० | |

| संस्थागत पेश्की तर्फः | | | |
|---|---|---|---|
| **भौ.नं./मिति** | **फर्म/संस्था/व्यक्ति** | **विवरण** | **रकम** |
| ३७/०७६/६/१३ | विन इन्जिनियरिङ ग्रुप | सेवा परामर्श खर्च | ९५००० |
| १०४/०७६/११/०८ | खोटाङ यातायात प्रा.लि. | जेष्ठ नागरिक कार्यक्रम | २५००० |
| २/०७७/०२/१४ | मानुवा प्राथमिक विद्यालय राखाबाङदेल | मानुवा प्राथमिक विद्यालय राखाबाङदेल भवन निर्माण | ६३३००० |
| १९/०७७/२/२९ | पोरोछा कृषक समूह | सिचाई मर्मत सम्भार | ३२००० |
| ५/०७७/३/३० | मानुका प्राथमिक बिद्यालय | मानुका प्राथमिक बिद्यालय निर्माण | १२८७००० |
| **मोविलाइजेन पेश्कीः-** | | | ० |
| १६९/०७७/२/१३ | रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड बैभव जेवी | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | २२५०००० |
| **उपभोक्ता समूह पेश्की :-** | | | ० |
| ६/०७६/१०/१ | सोखुमोदी उतिसे झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | सोखुमोदी उतिसे झोलुङ्गे पुल निर्माण | ५००००० |
| ७/०७६/१०/१ | सोखुमोदी उतिसे झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | सोखुमोदी उतिसे झोलुङ्गे पुल निर्माण | ७००००० |
| ८२/०७६/१०/२१ | माक्पा वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | माक्पा वडा कार्यालय भवन निर्माण | १२६७००० |
| १३०/०७६/१२/०९ | माकिया पर्यटन क्षेत्र विकास समिति | माकिया पर्यटन क्षेत्र विकास | ९५०००० |
| १९०/०७७/२/२९ | कालिका मा.बि.बाकाचोल विद्यालय घेराबारा गेट निर्माण र भवन रङरोगन उपभोक्ता समिति | कालिका मा.बि.बाकाचोल विद्यालय भवन निर्माण | १५८००० |
| १९४/०७७/२/३२ | बाकाचोक वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | बाकाचोक वडा कार्यालय भवन निर्माण | ७९२००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २४/०७७/३/३ | रावा खोला दोभान माक्पा वेशी कुलो सिंचाई उपभोक्ता समिति | नयाँ सिचाई योजना | ५७९००० |
| १३/०७७/३/१४ | भाङखोला भोक्टेनी हुँदै कटुन्जे कुलो सिँचाई जल उपभोक्ता समिति | नयाँ सिचाई योजना | ४२७००० |
| ३१/०७७/३/१७ | सिम्ले खोला डेम्लिटार कुलो सिंचाइ जलउपभोक्ता समिति | नयाँ सिचाई योजना | ८००००० |
| ३४/०७७/३/२२ | चडखोला बैकुण्ठे मैदान मासबारी खेत कुलो सिंचाई जल उपभोक्ता समिति | नयाँ सिचाई योजना | ४५६००० |
| **कोरोना तर्फः-** | | | ० |
| १७७/०७७/२/१६ | हेमन्त कुमार श्रेष्ठ | दलित | ३००००० |
| १७७/०७७/२/१६ | हेमन्त कुमार श्रेष्ठ | बालबालिका | ३१६००० |
| १७७/०७७/२/१६ | हेमन्त कुमार श्रेष्ठ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५००००० |
| १७७/०७७/२/१६ | गुणराज निरौला | बालबालिका | ४००००० |
| १७७/०७७/२/१६ | गुणराज निरौला | महिला | ३४००० |
| ३४/०७७/२/१६ | गुणराज निरौला | विपद व्यवस्थापन | ४३०००० |
| ४२/०७७/३/११ | गुणराज निरौला | विपद व्यवस्थापन | २००० |
| **व्यक्तिगत तर्फः-** | | | ० |
| ११५/०७६/११/२२ | जय कुमार तामाङ | महिला | ३०००० |
| ४२/०७७/३/११ | गिरेन राई | विपद व्यवस्थापन कोष | २१००० |
| ४२/०७७/३/११ | पुर्ण कुमार राई | विपद व्यवस्थापन कोष | २०००० |
| ४२/०७७/३/११ | हेम बहादुर राई | विपद व्यवस्थापन कोष | ४८००० |
| **जम्मा** | | | **१३०५२०००** |

४३. **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर वीजक, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

४४ **बेरुजु तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ । पालिकाको गत विगत वर्षको बेरुजू रु. ९४७६।(हजारमा) रहेकोमा निम्नानुसार रु.७१३। (हजारमा) ।फछ्र्यौट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ । बाँकी बेरुजू फछ्र्यौट गर्न पालिकाको ध्यान जानु पर्दछ ।

| आर्थिक वर्ष | बेरुजुको दफा | संक्षिप्त व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| आ.व २०७५/७६ | १३ | नम्स भन्दा बढी भुक्तानी | १७९०० |
| आ.व २०७५/७६ | २६ | बैठक भत्ता | १४२८० |
| आ.व २०७५/७६ | २१ | विद्यालयको बढी निकासा | १७८७०० |
| आ.व २०७५/७६ | ३३ | विद्यालयको बढी निकासा | ५११८७ |
| आ.व २०७५/७६ | ३४ | विद्यालयको बढी निकासा | १०३०१० |
| आ.व २०७५/७६ | ३५ | विद्यालयको बढी निकासा | १२०००० |
| आ.व २०७५/७६ | २४ | पदाधिकारीलाई बढी भुक्तानी | ७०५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| आ.व २०७५/७६ | ३१ | पदाधिकारीलाई बढी भुक्तानी | ४९३०० |
| आ.व २०७५/७६ | ४३ | बढी खर्च (नागेन्द्र झा) | २०००० |
| आ.व २०७५/७६ | ४५.६ | सामाजिक सुरक्षा बढी निकासा | ७६००० |
| आ.व २०७५/७६ | ४५.७ | सामाजिक सुरक्षा बढी निकासा | ४००० |
| आ.व २०७५/७६ | ४५.९ | सामाजिक सुरक्षा बढी निकासा | ८००० |
| **जम्मा** | | | **७१२८७७** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| ४५. | **<u>संचितकोष तथा बेरुजुको स्थिति</u>** – पालिकाको संचितकोषको विवरण, बेरुजु (विनियोजन, राजश्व , धरौटी र अन्य कारोबार) वर्गीकरण र अद्यावधिक बेरुजुको स्थिति क्रमशः अनुसुची-१, अनुसुची-२ र अनुसुची-३ मा समावेश गरिएको छ। | | |

## ऐसेलुखर्क गाउँपालिका, खोटाङको सञ्चित कोष विवरण -अनुसुची १

### २०७६।७७

(रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | आय | | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाडँफाड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १०(७+८+९) | ११(१+६-१०) |
| १. | ऐसेलुखर्क गाउँपालिका | खोटाङ | ७३५७३४ | ३५७४२ | ४.८६ | १४१४२ | ३१८७८९ | ४२४०२ | २२५० | १७०७० | ३८०५११ | २६३७७४ | ८८६७९ | २७७० | ३५५२२३ | ३९४३० |

## बेरुजु वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) — अनुसुची २

### २०७६।७७

(रु.हजारमा)

| सि.नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजु | | | बाकी बेरुजु | | | | | | पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | कर्मचारी | अन्य | जम्मा |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | | |
| १. | खोटाङ | ऐसेलुखर्क गाउँपालिका | २४ | २६ | ४१२०७ | ० | ६ | ५४६५ | २४ | २० | ३५७४२ | ११९६७ | ७६६३ | ३०६० | ० | ० | १०७२३ | २१०१ | १०९५१ | १३०५२ |

## अद्यावधिक बेरुजु स्थिति— अनुसुची ३

### २०७६।७७

(रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारबाही गर्न बाकी रकम | गत वर्ष सम्मको बाकी रकम | सं.पबाट कायम बेरुजु | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ऐसेलुखर्क गाउँपालिका | खोटाङ | ९४७६ | ० | ७१३ | ७१३ | ० | ० | ८७६३ | ० | ३५७४२ | ४४५०५ | १३०५२ |